## बैठक नं. २

आज मिति २०८२ साल श्रावण २६ गते सोमबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | — |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | — |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | — |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | — |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | — |
| १८. | श्री आशिष चौधरी | सचिव | |

CamScanner

प्रस्ताव नं. १ :- आ.व. २०८२।०८३ का लागि जानकी गाउँपालिकाको गाउँपालिका दररेट निर्धारण गर्ने सम्बन्धमा।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, कैलालीले आ.व. २०८२।०८३ को लागि स्वीकृत गरेको जिल्ला दररेटलाई नै आ.व. २०८२।०८३ का लागि २०८१ साउन १ गते देखि लागू हुने गरी यस जानकी गाउँपालिकाको गाउँपालिका दररेट निर्धारण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ :- जानकी गाउँपालिकाको नगर प्रहरी नियमावली, २०८२ सम्बन्धमा।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा जानकी गाउँपालिकाको नगर प्रहरी नियमावली, २०८२ माथि दफावार छलफल गरी पारित गरियो।

प्रस्ताव नं. ३ :- भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली, २०७९ बमोजिम तयार गरिएको यस गाउँपालिका क्षेत्रभित्रका जग्गाहरुको कित्तागत भूउपयोग क्षेत्र वर्गीकरण पुनरावलोकन गरी अद्यावधिक गर्ने प्रयोजनको लागि हाल वर्गीकरण भएको भूउपयोग क्षेत्रभन्दा फरक प्रयोजनको लागि जग्गा प्रयोग गर्न चाहने जग्गाधनीहरुका लागि ७ (सात) दिने भूउपयोग क्षेत्र परिवर्तनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ :- नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले सिफारिस गरे बमोजिम यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने कर्णाली नदीको तपसिलमा उल्लिखित बगर क्षेत्रहरुबाट जम्मा ८०,८०० घनमिटर नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्/संकलन र बिक्रीका गर्न स्थानीय राजस्व परामर्श समितिको सिफारिस बमोजिम दुई प्याकेज बनाई ठेक्का बन्दोबस्त गर्न ३० (तीस) दिने विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

तपसिलः-

कर्णाली नदीको बगरहरुबाट ढुङ्गा सङ्कलन क्षेत्रहरु/गिट्टी तथा बालुवा उत्खनन् ,:-

१. पहिलो प्याकेज

| साईट नं. | उत्खनन्/संकलन क्षेत्र | उत्खनन्/संकलन गरिने वस्तु | दिगो रुपमा उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|
| १ | कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं६ . | ढुङ्गा, गिट्टी र बालुवा | १३६०० | |
| २ | मालझुल घाट वडा नं. ६ | ढुङ्गा, गिट्टी र बालुवा | १५००० | |
| ३ | रानीटप्पा घाट वडा नं. ६ र ९ | ढुङ्गा, गिट्टी र बालुवा | ११२०० | |
| जम्मा | | | ३९८०० | |

२८.०४.१५ आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०४।२८
गणेश चौधरी
अध्यक्ष

२. दोस्रो प्याकेज

| साईट नं. | उत्खनन्/संकलन क्षेत्र | उत्खनन्/संकलन गरिने वस्तु | दिगो रुपमा उत्खनन्/संकलन गर्न सकिने परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|
| ४ | मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं९ . | ढुङ्गा, गिट्टी र बालुवा | ९६०० | |
| ५ | बलचौर घाटवडा , नं९ . | ढुङ्गा, गिट्टी र बालुवा | १४४०० | |
| ६ | गोराङ्गे घाट९ .वडा नं , | ढुङ्गा, गिट्टी र बालुवा | १७००० | |
| जम्मा | | | ४१००० | |

**प्रस्ताव नं. ५ :- खानेपानी आयोजनाको प्रगति समीक्षा सम्बन्धमा।**

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा सङ्घ, प्रदेश र यस गाउँपालिकाको साझेदारीमा सञ्चालित खानेपानी आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरियो र समीक्षाबाट देखिएका कमीकमजोरी सुधारका लागि आवश्यक सुझाव प्रदान तथा निर्देशन गरियो।

**प्रस्ताव नं. ६ :- बालमैत्री स्थानीय शासन (CFLG) को प्रगति समीक्षा सम्बन्धमा।**

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासनको सुचकगत प्रगतिको समीक्षा गरियो र समीक्षाबाट प्राप्त समस्या तथा चुनौतीहरुमा समाधानका लागि आवश्यक सुझाव प्रदान तथा सूचकगत प्रगति तोकिएको समयमा प्राप्त गर्न आवश्यक निर्देशन गरियो।

**प्रस्ताव नं. ७ :- नगर प्रहरी भर्ना गर्ने सम्बन्धमा।**

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस जानकी गाउँपालिकामा सुरक्षा, शान्ति सुव्यवस्था र व्यवस्थापन सहज बनाउन तपसिल बमोजिम नगर प्रहरी भर्ना गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | पद | तह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक | चौथो | १ | |
| २. | नगर प्रहरी हवल्दार | तेस्रो | २ | १ जना महिला |
| ३. | नगर प्रहरी जवान | श्रेणीविहीन | ६ | २ जना महिला |
| जम्मा | | | ९ | |

**प्रस्ताव नं. ८ :- कर्मचारीहरुको तह वृद्धि सम्बन्धमा।**

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २७ को उपदफा(१) बमोजिम तोकिएको योग्यता पुगेका कर्मचारीहरुको तहवृद्धि गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने र योग्यता पुगेका कर्मचारीहरुको तहवृद्धि गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय गरियो।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ९ :- घर निर्माण सम्पन्नको प्रमाण पत्र उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा घर निर्माण सम्पन्नको प्रमाण पत्र लिन छुट भएका घर धनिहरुले २०८२ चैत्र मसान्त सम्ममा घर निर्माण सम्पन्नको प्रमाण पत्र माग गरेमा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १० :- जग्गा नापनक्सामा खटिने कर्मचारीहरुको खाजा नास्ता व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिकामा रहेका भूमिहीन दलित , भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापनक्सा गर्न खटिने नापी टोलीलाई कार्यालय समय भन्दा अघि पछि समेत फिल्डमा काम गर्नुपर्ने भएकोले जग्गा नापनक्सा कार्यमा खटिने भूमि समस्या समाधान आयोग र यस गाउँपालिकाको भूमि शाखाका सबै कर्मचारीहरुलाई २०८२।०४।०१ देखि लागु हुने गरि खाना नास्ता बाफत दैनिक रु ५००।– (अक्षेरुपी पाँच सय मात्र ।) का दरले हुन आउने एकमुष्ठ रकम मासिक रुपमा भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. २ को प.सं. २०८२।०८३, च.नं. १२५, मिति २०८२।०४।२५ गतेको पत्रानुसार जानकी-२ बस्ने उदय सिंह भुल विरामी भई अस्पताल भर्ना भएको र निजको घरको आर्थिक अवस्था अति कमजोर रहेकोले निजको उपचारका आर्थिक सहयोगका लागि सिफारिस भई आएको हुँदा निजको उपचारका लागि अन्य सामाजिक सहायता शिर्षकबाट रकम रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

८२.०४.२६
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०४।२६
गणेश चौधरी
अध्यक्ष